मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : १०७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २२ गते शुक्रबार (Friday, 6 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अर्काको नाममा भोट हाल्न खोज्दा...

**काठमाडौँ, फागुन २१।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा अर्काको नाममा भोट हाल्न खोजेको आरोपमा प्रहरीले एक जनालाई रौतहटबाट पक्राउ गरेको छ।

बिहीबार राजपुर नगरपालिका-९ बौरिया बस्ने १८ वर्षीय अरजे हयातलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

अनाथालय मतदान स्थलमा उनले महमद आसिकको नाममा भोट हाल्न भनेर लाइन बसेका थिए। इन्स्पेक्टर देवीराम भण्डारी नेतृत्वको टिमले उनलाई पक्राउ गरेको

(बाँकी अन्तिम पृष्ठमा)

# देशभर ६०% मत खस्यो

**काठमाडौँ, फागुन २१।** छिट्पुट सामान्य घटनाबाहेक प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान विहीवार देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको छ।

निर्वाचन आयोगले सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको प्रारम्भिक अनुमान गरेको छ। निर्वाचन सम्पन्न भएपछि आयोगमा आयोजित पत्रकार सम्मेलनमा आयोगका कार्यबाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले अहिलेसम्मको प्राप्त विवरण अनुसार करिब ६० प्रतिशत मत खसेको जानकारी दिए। उनले विस्तृत विवरण सङ्कलन जारी रहेको जनाउँदै छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरुको प्रारम्भिक प्रतिवेदनले जनाएको उल्लेख गरे।

दुर्गम १५ जिल्लाका मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट सङ्कलन गरिने जनाउँदै कार्यबाहक प्रमुख भण्डारीले मतपेटिका सङ्कलन भएपछि मतगणना तत्काल शुरु गरिने जानकारी दिए। उनका अनुसार ताप्लेजुङ, रसुवा, दोलखा र रुकुमपूर्वमा मतपेटिका आजै र संखुवासभा, सोलुखुम्बू, मनाङ, हुम्ला, रुकुमपश्चिम र बाजुराका मतपेटिका शुक्रबारसम्म हेलिकप्टरबाट सङ्कलन गरिनेछ।

आयोगले मताधिकारबाट प्रतिनिधि चुन्ने र शासन सत्ता सञ्चालनको प्रक्रियालाई पूर्णता दिने अभियानमा सहभागी र सहयोगी सबैलाई धन्यवाद दिएको छ। कतिपय स्थलमा मतदाताले मतदानमा सहभागी हुन अस्वीकार गरेको सन्दर्भमा कार्यबाहक प्रमुख आयुक्त भण्डारीले सरकार वा जनप्रतिनिधिले गरेका प्रतिबद्धता पूरा नहुँदा कतिपय स्थानमा मतदाताले मत नदिएको हुनसक्ने भएकाले ती मतदाताले संविधान, प्रणाली र आयोगप्रति भने असन्तुष्टि नभएको बताए।

निर्वाचन आयोगद्वारा निर्धारित समय अनुसार बिहान ७:०० बजेदेखि शुरु भएको मतदान साँझ ५:०० बजे सम्पन्न भएको आयुक्त डा. जानकीकुमारी तुलाधरले बताइन्।

आयोगका अनुसार अहिलेसम्म कुनै पनि मतदान केन्द्रको मतदान औपचारिक रुपमा स्थगनको घोषणा भएको छैन। दोलखा, सर्लाही र रौतहटमा केहीबेरको विवाद समाधान भएको थियो। केहीबेर मतदान स्थगनपछि दोलखाको तामाकोशी-४ स्थित मालु मतदानस्थलमा मतदान सुचारु भएको थियो।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दल प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको हो।

यस निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार एक सय ३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। निर्वाचनमा एक लाख ८६ हजार एक सय ४२ अस्थायी मतदाता कायम छन्। निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको थियो। १४३ अस्थायी मतदानस्थल तय भएका थिए। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त र गर्भवतीलगायतलाई सहज मतदानका लागि प्राथमिकता दिने व्यवस्था गरिएको थियो।



निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७ सय ९७ नेपाल प्रहरी, ३४ हजार ५ सय ६७ सशस्त्र प्रहरी बल, एक हजार ९ सय २१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका थिए।

### मतगणना १६५ निर्वाचन क्षेत्रमै हुने

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना १६५ निर्वाचन क्षेत्र अन्तर्गत निर्वाचन अधिकृतको कार्यालयमा हुने भएको छ।

निर्वाचन आयोगका अनुसार पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीतर्फको मतगणना सम्बन्धित निर्वाचन क्षेत्र मातहतका मतदानस्थलबाट मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा सङ्कलन भएपछि शुरु गरिनेछ।

मतगणना शुरु हुनुअघि जिल्ला तथा निर्वाचन क्षेत्रस्थित सर्वदलीय बैठक बस्ने छ। आयोगले प्रत्यक्षतर्फको मतपरिणाम गणना शुरु भएको २४ घण्टाभित्र सार्वजनिक गर्ने योजनाका साथ काम गरिएको जनाएको छ। प्रत्यक्षतर्फको मतपरिणाम सार्वजनिक भएपछि समानुपातिकतर्फको मतगणना शुरु हुनेछ।

### झापाका दुई स्थानमा केहीबेर मतदान स्थगित

झापाका दुई स्थानमा विवाद उत्पन्न भएपछि केहीबेर मतदान स्थगित भएको थियो। सर्वदलीय छलफलमा सहमति जुटेपछि दुवै स्थानमा पुनः मतदान सुचारु गरिएको थियो।

झापाको बाह्रदशी गाउँपालिका-६ घोडामारास्थित घोडामारा आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा दिउँसो करिब १ बजे विवाद भएपछि मतदान रोकिएको थियो। सोही स्थानका ५५ वर्षीय हरि ढकालको नाममा अर्का स्थानीय ५५ वर्षीय हरिबहादुर अधिकारीले मतदान गरेको विषयलाई लिएर विवाद उत्पन्न भएको थियो।

विवादपछि करिब १० मिनेट मतदान स्थगित गरिएको थियो। त्यसपछि सर्वदलीय बैठक बसेर सहमति जुटाइएपछि दिउँसो १:२५ बजेदेखि पुनः मतदान शुरु गरिएको निर्वाचन अधिकारीले जनाएका छन्।

यस्तै, अर्जुनधारा नगरपालिका-४स्थित मदनपुर शिवनारायण आधारभूत विद्यालय मतदान केन्द्रमा पनि केहीबेर मतदान स्थगित भएको थियो। दिउँसो ३:३० बजे समानुपातिकतर्फका ५३ थान मतपत्रमा निर्वाचन अधिकृत सुनिता दाहालले हस्ताक्षर नगरेको विषयलाई लिएर विवाद भएपछि मतदान रोकिएको हो।

करिब २५ मिनेटसम्म मतदान स्थगित भएपछि निर्वाचन प्रतिनिधिहरूबीच बैठक बसेर सहमति जुटाइएको थियो। त्यसपछि दिउँसो ३:५५ बजेदेखि पुनः मतदान सुचारु भएको जनाइएको छ।

### मेचीनगरमा १०४ बर्षीय बृद्धाद्वारा मतदान

प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मेचीनगर नगरपालिका-१० स्थित धुलाबारी माध्यमिक विद्यालयको मतदान केन्द्रबाट १०४ बर्षीया बृद्धाले मतदान गरेकी छिन्।

झापा १को सोही मतदान गर्नेमा स्थानीय तुलसा कोइरालाले मतदान गरेकी हुन्। उनका छोरा र नातिको सहयोगमा मतदान गरिएको थियो।

### 'हजुरको नेतृत्वमा लोकतन्त्रले जितेको छ'

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले प्रधानमन्त्री सुशीला कार्कीप्रति आभार प्रकट गरेका छन्।

निर्वाचन सकिएलगत्तै सामाजिक सञ्जालमा स्टाट्स लेखेर उनले आभार व्यक्त गरेका हुन्। बालेनले प्रधानमन्त्री सुशीलालाई 'आमा' सम्वोधन गर्दै लेखेका छन्- 'हजुरको नेतृत्वमा आज लोकतन्त्रले जितेको छ।'

### स्वतन्त्र उम्मेदवारमाथि कुटपिट

महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ का स्वतन्त्र उम्मेदवार रामआधार कापरमाथि कुटपिट भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्ब शर्माका अनुसार जलेश्वर नगरपालिका-७ मा अज्ञात समूहले उनीमाथि निर्घात कुटपिट गरेको हो। घटना गए रातिको हो। स्वतन्त्र उम्मेदवार कापरको छाती, पिठ्युँ तथा शरीरका विभिन्न भागमा चोट लागेको छ। हाल उनको जनकपुरमा उपचार भइरहेको छ।

आक्रमणमा परेपछि उनले सहयोगका लागि प्रहरी-प्रशासनमा खबर गरेको र आफूहरुले तत्काल उनलाई उद्धार गरी अस्पताल पठाएको प्रहरी उपरीक्षक शर्माले बताए। घटनास्थलमा प्रहरी पुगेपछि भागेका आक्रमणकारीहरुको खोजी जारी छ।

### मोरङको सुनवर्षीबाट एक मतदान अधिकृत पक्राउ

मोरङको सुनवर्षी नगरपालिकामा रहेको एक मतदान केन्द्रमा खटिएका मतदान अधिकृत रञ्जित सिवालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

मोरङ प्रहरीका अनुसार बुधबार बेलुका करिब ६:५० बजे सुनवर्षी नगरपालिका-६ स्थित पटियापाडा माध्यमिक विद्यालयको (ग) मतदान केन्द्रमा खटिएका सिवाले अन्य कर्मचारीसँग झैझगडा र गालीगलौज गरेका थिए। निर्वाचन प्रक्रियामा असहयोग गरेको आरोपमा प्रहरीले उनलाई नियन्त्रणमा लिएको जनाइएको छ। पक्राउ परेका सिवा नेपाल विद्युत प्राधिकरण रंगेली वितरण केन्द्रमा कार्यरत सहायक पाँचौं तहका कर्मचारी हुन्।

इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले सिवालाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिजुवामा ल्याएको जनाएको छ। उनीमाथि अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए।

### जवानले बोकेको हतियारबाट अचानक चल्यो गोली

उदयपुरमा प्रहरी जवानले बोकेको हतियार अकास्मात पड्किँदा मतपेटिकामा क्षति भएको छ। बिहान ७:१३ बजे कटारी नगरपालिका-३ तरकारी तथा फलफूल बिक्री केन्द्र तावाखोलाको 'ख' मतदान केन्द्रमा खटिएका एक प्रहरी जवानले बोकेको सटगन झुक्किएर पड्किएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। इलाका प्रहरी कार्यालय सुन्दरपुर दरबन्दी भई अस्थायी प्रहरी पोस्ट चुहाडेमा कार्यरत प्रहरी जवानले बोकेको सर्टगनबाट एक राउण्ड गोली पड्किएको थियो। उक्त गोली मतपेटिकामा लागेको थियो।

गोली चल्दा मतपेटिकामा ४ वटा मत खसिसकेको थियो। मतपेटिकामा क्षति भए पनि भोट हालिसकेको मतपत्र सुरक्षित रहेको बताइएको छ। उक्त मतपत्र

(बाँकी अन्तिम पृष्ठमा)

## झापामा थपिए मतदाता, घट्यो मत प्रतिशत

**झापा, फागुन २१।** झापामा बिहीबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कूल ६४ प्रतिशत मतदान भएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लाका ७ लाख १३ हजार ५ सय ३७ मतदातामध्ये ४ लाख ५८ हजार २७९ जनाले मताधिकार प्रयोग गरेका छन्। मतदान गर्नेमा २ लाख ४२ हजार ५२८ महिला र २ लाख १५ हजार ७५१ पुरुष रहेका छन्।

निर्वाचन क्षेत्रमा भने क्षेत्र नं. ५मा सबैभन्दा धेरै मत खसेको छ। उक्त क्षेत्रमा १ लाख ६ हजार ३९० मतदाता मतदानमा सहभागी भएका छन्। त्यसपछि क्षेत्र नं. २ मा ९६ हजार २५२, क्षेत्र नं. ३मा ८८ हजार ४४९, क्षेत्र नं. १मा ८३ हजार ८०३ र क्षेत्र नं. ४मा ८३ हजार ४६५ मत खसेको विवरण प्राप्त भएको छ।

यसपटक झापामा करिब ५० हजार नयाँ मतदाता थपिएका थिए। नयाँ मतदातासहित जिल्लामा कूल मतदाता संख्या ७ लाख १३ हजार ५३७ पुगेको थियो। मतदाताको संख्या बढेकाले मतदान दर पनि बढ्ने अनुमान गरिएको थियो। तर, अपेक्षा विपरीत मतदान प्रतिशत भने अघिल्लो निर्वाचनको तुलनामा घटेको देखिएको छ।

२०७९ सालमा भएको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा झापामा ७० दशमलव ४७ प्रतिशत मतदान भएको थियो। त्यतिबेला ६ लाख ४६ हजार २३४ मतदातामध्ये ४ लाख ५५ हजार ४१७ जनाले मतदान गरेका थिए।



त्यसअघि २०७४ सालको निर्वाचनमा जिल्लामा ५ लाख ८५ हजार १६६ मतदाता रहेकामा करिब ७२ प्रतिशत मतदान भएको थियो। पछिल्ला निर्वाचनहरूको तथ्यांक हेर्दा झापामा मतदाताको संख्या बढ्दै गए पनि मतदान प्रतिशत भने क्रमशः घट्दै गएको देखिन्छ।

### कोशी प्रदेशमा ५२.४८ प्रतिशत मतदान

प्रतिनिधिसभा सदस्य निर्वाचनमा कोशी प्रदेशमा ५२.४८ प्रतिशत मतदान भएको छ। प्रारम्भिक विवरण मात्रै रहेकाले यो प्रतिशत घटबढ हुन सक्ने छ।

हालसम्म प्राप्त विवरण अनुसार कोशीमा १८ लाख ७६ हजार ५० मत खसेको छ। ३५ लाख ७४ हजार ३ सय १० मतदाता थिए। १६ लाख ९८ हजार बढी मतदाता अनुपस्थित भएको प्रारम्भिक विवरण छ।

लगभग ४७ दशमलव ५२ प्रतिशतले मतदान अस्वीकार गरेका हुन्। कोशीमा १ हजार ९ सय ७

(बाँकी अन्तिम पृष्ठमा)

## ओखलढुङ्गाको सातसल्लेवासीले गरेनन् मतदान

**झापा, फागुन २१।** ओखलढुङ्गाको मानेभञ्ज्याङ गाउँपालिका वडा नं ७ का बासिन्दाहरूले अस्पताल नबने भोट नहाल्ने अडान राख्दै प्रतिनिधिसभाको निर्वाचन प्रक्रिया नै पूर्ण रूपमा बहिष्कार गरेका छन्।

स्थानीयस्तरमा प्रादेशिक अस्पताल निर्माणका लागि प्रदेश सरकारलाई १६५ रोपनीभन्दा बढी जग्गा निःशुल्क उपलब्ध गराए पनि वर्षौंसम्म निर्माण प्रक्रिया अघि नबढेपछि आक्रोशित स्थानीयले २०८२ सालको प्रतिनिधि सभाको निर्वाचन नै बहिस्कार गरेका हुन्।

वडा सदस्य भीमबहादुर भुजेलका अनुसार, वडामा रहेका दुई वटा बुथमध्ये ७०१ जना मतदाता रहेको माथिल्लो भेगको शहीद स्मृति आबि सातसल्ले मतदान केन्द्रमा एक जनाले पनि मत नखसाली साँझ कर्मचारी फर्किएका छन्। सोही वडाको अर्को हर्कपुर मावि मतदान केन्द्रमा ५७६ मतदाता भएकोमा मतदान सफल भएको छ।

यो बहिष्कारको योजना फागुन १८ गते होलीको दिन औपचारिक निर्णय गरी मागहरू जिल्ला प्रशासन र निर्वाचन आयोगसम्म पुऱ्याइएको थियो। स्थानीयका अनुसार, विगतका चुनावहरूमा विभिन्न राजनीतिक दलका झण्डा बोकेर घरदैलो गर्ने र भोट माग्ने कार्यकर्ताहरू नै अहिले यो सामुहिक बहिष्कारको अग्रपंक्तिमा छन्। यस अभियानको नेतृत्व विगतमा नेपाली कांग्रेसमा रहेका कार्यकर्ताहरूले गरेको स्थानीय जनप्रतिनिधिहरू बताउँछन्। स्थानीयको मुख्य गुनासो जग्गा प्राप्तिसँग जोडिएको छ।




'हामीले अस्पताल बन्छ भनेर १६५ रोपनी जग्गा सरकारको नाममा पास गरिदियौँ, तर जग्गा सरकारको नाममा गइसक्दा पनि भवन निर्माणको एउटा इँटा समेत थपिएन'- एक स्थानीयले गुनासो गरे। सरकारको यही उदासीनताका बिरुद्ध दबाब दिन यस पटक भोटलाई हतियार बनाएको उनीहरूको भनाइ छ।

स्थितिको गम्भीरतालाई बुझ्दै प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राती र निर्वाचन आयोगको टोली घटनास्थल पुगेर स्थानीयलाई मतदान गर्न आग्रह गरेका थिए। प्रशासनले ५ बजेसम्म प्रयास गर्दा पनि स्थानीय मतदान गर्न नै गएनन्। प्रहरी प्रशासनले मतदातालाई मनाउने प्रयास गरे तापनि स्थानीयहरू भने बाटो-बाटोमा समूह बनाएर बसे तर मतदान केन्द्र छिरेनन्।

कोही मतदान स्थलमा गइहाल्यो कि भनेर वरिपरिबाट घुमेर हेरेका थिए। मतदान केन्द्रमा पार्टीका कुनै पनि दलका प्रतिनिधि नै नगएपछि मतदान गराउन गएका कर्मचारीहरूले स्थानीय जनप्रतिनिधिको रोहवर प्रतिनिधि बसाएका थिए। दलका प्रतिनिधिहरू नै नआएपछि पनि वैकल्पिक रूपमा स्थानीय जनप्रतिनिधिलाई रोहबरमा राखेर निर्वाचन गराउनको लागि सबै तयारी गरेर दिनभर बसेको निर्वाचन गराउन गएको टोली एक जनाले पनि मत नहालेपछि रित्तै फर्किएको प्रमुख जिल्ला अधिकारी मंग्रातीले बताए।

उनले भने- 'हामीले मतदानको लागि आग्रह गरेका थियौँ, तर यहाँ कोही पनि मतदान गर्न नआएपछि मताधिकार उहाँहरूको पनि अधिकार भएकोले टोली ५ बजेसम्म पर्खिएर समयसम्म मतदान केन्द्रमा बसेर फर्किएको छ।'

### दाङमा मतदान बहिष्कार

दाङको क्षेत्र नं ३ अन्तर्गतका २ वटा मतदान केन्दमा स्थानीयले मतदान बहिस्कार गरेका छन्। तीन निर्वाचन क्षेत्र रहेको सो जिल्लाका सबै केन्द्रहरुमा उत्साहपूर्वक मतदान भइरहँदा क्षेत्र नं. ३को बबई गाउँपालिका वडा नं. १स्थित जनता माध्यमिक विद्यालय केन्द्र रहेको केन्दमा १० वटा

(बाँकी अन्तिम पृष्ठमा)












## देशभर ...

क्षति नभएको अर्को मतपेटिकामा राखेर मतदान शुरू गरिएको बताइएको छ।

**झापामा मतगणना शुरु**

प्रतिनिधिसभा सदस्यको सम्पन्न निर्वाचनको मतदान केन्द्रबाट मतपेटिकाहरु सङ्कलन गरेर सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा धमाधम ढुवानी क्रम जारी रहेका छ।

निर्वाचन अधिकारी तुलसी नेपालले मतपेटिका सङ्कलनपछि राजनीतिक दलसहितको सर्वदलीय बैठकको निर्णयअनुसार मतगणना शुरु गरिने जानकारी दिए। उनले राति १२ बजेदेखि मतगणता शुरु हुने जानकारी दिए। जिल्लामा ६५ प्रतिशत मत खसेको प्रारम्भिक अनुमान गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रका २८५ मतदानस्थल र ८१५ मतदान केन्द्रमा शान्तिपूर्ण रुपमा मतदान भएको छ। पाँचवटा निर्वाचन क्षेत्रका लागि ९० जना उम्मेदवार चुनावी मैदानमा थिए। यहाँ तीन लाख ५८ हजार ३४६ पुरुष, तीन लाख ५५ हजार १८३ महिला र आठ अन्य गरी सात लाख १३ हजार ५३७ मतदाता थिए।

## झापामा ...

वटा मतदानस्थल र ४ हजार २ सय ७० मतदान केन्द्र तोकिएको थियो। अस्थायी मतदानस्थल २४ वटा थिए।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका अनुसार प्रदेशभरि मतदान शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ। मतदान सम्पन्न गर्नका लागि मतदान अधिकृत र सहायक मतदान अधिकृतसहित २५ हजार ७ सय ६४ जना कर्मचारी परिचालन गरिएको थियो।

निर्वाचनमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो। कर्मचारी र सुरक्षाकर्मीको सुझबुझपूर्ण निर्णय एवम् सक्रिय सहभागिताका कारण शान्तिपूर्ण निर्वाचन सम्भव भएको हो। १४ जिल्ला रहेको कोशी प्रदेशमा २८ वटा निर्वाचन क्षेत्र छन्। यहाँ ४ सय ९५ उम्मेदवार चुनावी मैदानमा थिए।

**इलाममा ५७ प्रतिशत मत खस्यो**

प्रतिनिधिसभा अन्तर्गत बिहीबार इलाम जिल्लामा पनि दुवै निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको छ। मतदानमा सक्रियतापूर्वक मतदाता सहभागी भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिए। जिल्ला निर्वाचन कार्यालयका अनुसार ५७ प्रतिशत मतदान भएको छ। इलाम जिल्लाका दुवै क्षेत्रमा गरी दुई लाख ३१ हजार आठ सय नौ मतदाता रहेका छन्। सुरक्षाकर्मी र कर्मचारी सहित दुई हजार ६ सय ३४ अस्थायी मतदाता संख्या रहेको छ।

इलाम क्षेत्र नम्बर १ मा ६४ हजार एक सय चार र क्षेत्र नम्बर २मा ६६ नौ सय ३४ मत खसेको छ। प्रजिअ ढकालले आजै रातिसम्ममा सबै मतदान केन्द्रका मतपेटिका मतगणना स्थलसम्म ल्याइ पुऱ्याउने र सर्वदलीय बैठक बसेर मतगणना गरिने जानकारी दिए। मतगणनास्थल इलाम नगरपालिकास्थित गौतम बुद्ध सभा गृहमा मतपेटिका सङ्कलन जारी रहेको छ। यस्तै क्षेत्र नम्बर १ को सूर्योदय नगरपालिका कार्यालयमा मतपेटिका सङ्कलन गरिएको छ।

# ‘तुम्बाड २’मा देखिँदै नवाजुद्दीन सिद्दीकी



सन् २०१८ को कल्ट क्लासिक फिल्म ‘तुम्बाड’को यस वर्ष सिक्वेल निर्माण हुँदैछ। बलियो दृश्यभाषामार्फत पहिलो भागले गहिरो प्रभाव छाडेकाले ‘तुम्बाड २’प्रति दर्शकमा ठूलो अपेक्षा देखिएको छ। अब यो फिल्मको प्रतीक्षामा बसेका दर्शकका लागि एउटा खुसीको खबर आएको छ। यसमा बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकीको प्रवेश भएको छ।

फिल्ममा नवाजुद्दीन अनुबन्धित भएको जानकारी स्वयं निर्माताले सामाजिक सञ्जालमार्फत दिएका छन्। नवाजुद्दीनलाई ‘तुम्बाड’ युनिभर्समा जोड्नु निर्माताको ठूलो सृजनात्मक निर्णय मानिएको छ। तर, उनको भूमिकाबारे कुनै जानकारी दिइएको छैन। फिल्म निकट स्रोतका अनुसार उनको भूमिकाले कथाको मनोवैज्ञानिक र भावनात्मक टोनलाई अझ गहिरो बनाउनेछ।

‘तुम्बाड २’मा अभिनय गर्ने पक्का भएसँगै नवाजुद्दीनले यसको हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेका छन्। उनले भनेका छन्- ‘म ‘तुम्बाड’को मौलिकता र यसको डार्क माहोलको सधैं प्रशंसक हुँ। जब सोहम शाह (निर्माता)ले मलाई सिक्वेलको भिजन सुनाउनुभयो, कथा तुरुन्तै मन पऱ्यो। यो अत्यन्तै इमर्सिभ र लगनशील परियोजना हो, जसको हिस्सा बन्न पाएकोमा खुशी छु।’

करिब १५ करोड भारुमा बनेको ‘तुम्बाड’ले आफ्नो पहिलो प्रदर्शन र सन् २०२४ को पुनः प्रदर्शनसहित भारतमा मात्र कुल ५३ करोड ४६ लाख भारु ग्रस कमाइ गरेको थियो। यो पुनः प्रदर्शनमा सर्वाधिक कमाइ गर्ने पहिलो भारतीय फिल्म समेत हो। यसले रि-रिलिजमा ३० करोड ५० लाख भारु कमाएको थियो। यो फिल्मको भेनिस फेस्टिभलमा प्रिमियर समेत भएको थियो।

# १०२ बर्षीय बृद्धले पनि गरिन् मतदान

**गोपाल अधिकारी**

**झापा, फागुन २१।** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापामा १०२ बर्षीया ज्येष्ठ नागरिक समेतको सहभागिता देखिएको छ। विभिन्न स्थानमा उच्च उमेरका मतदाताले समेत मतदान गरी लोकतान्त्रिक प्रक्रियाप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका छन्।

झापाको अर्जुनधारा नगरपालिका-५स्थित कञ्चन निम्न माध्यमिक विद्यालय मतदान केन्द्रबाट १०२ वर्षीया पार्वता वरालले मतदान गरेकी हुन्। उनले भदैनी दुर्गा भण्डारीको सहयोगमा मतदान गरेकी हुन्।

त्यस्तै झापा क्षेत्र नम्बर ३ अन्तर्गत घोडामारा निम्न माध्यमिक बिद्यालय मतदान केन्द्रमा ९२ वर्षीय हरिप्रसाद पाठकले मतदान गरेका थिए।

झापा क्षेत्र नम्बर ४ अन्तर्गत कनकाई नगरपालिका-१ प्रजापति, झापास्थित पशुपति आधारभूत विद्यालय मतदान केन्द्रमा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले मतदान गरेका थिए।

यसैबीच शनिश्चरे माध्यमिक विद्यालयस्थित मतदान केन्द्रमा पूर्वाञ्चल दैनिक र एनटीभी इटहरीका पत्रकारलाई ‘माथिको आदेश’ भन्दै केही समय गेटमै रोकिएको घटना समेत भएको थियो।



निर्वाचनको अवस्थाबारे नेपाल पत्रकार महासंघ झापासहित विभिन्न सञ्चारमाध्यमका प्रतिनिधिले अनुगमन गरेका थिए।

अनुगमनमा फ्रिडेन्स जर्नालिस्ट चाइनिज मिडिया एशिया पेसिफिक दैनिककी पत्रकार सृष्टि काफ्ले, ब्रिटिस फोटो जर्नालिस्ट गेट्टी फोटो एजेन्सीकी पत्रकार रेवेका कनवे, पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकाल, इकोनोमिक मिडिया एशोसिएशन कोशी प्रदेशका प्रथम सचिव सुरेन्द्र भण्डारी, स्वतन्त्र पत्रकार संघ कोशीका अध्यक्ष नरेन्द्र ढकाल, पत्रकार महासंघ झापाका निवर्तमान उपाध्यक्ष केशव भट्टराई, पूर्वाञ्चल दैनिकका पत्रकार गोपाल अधिकारी र सन्तोष अधिकारी, मोफसल अनलाइनका भरत प्रसाईं तथा युनिकम नेपालका केन्द्रीय अध्यक्ष गजेन्द्र पौडेललगायत सहभागी थिए।

उक्त टोलीले झापाका पाँचवटै निर्वाचन क्षेत्रमा रहेका विभिन्न मतदान केन्द्रको स्थलगत अनुगमन गरेको जनाएको छ।

## अर्काको ...

हो। त्यस्तै, अर्काको नाममा भोट हाल्न लाइन बसेको अवस्थामा भेटिएका नुजमा बेगम अचेत भएपछि प्रहरीले उनलाई आफन्तको जिम्मा लगाएको छ।

## ओखलढुंगाको ...

मात्र मतदान भएको छ भने बबई गाउँपालिका वडा नं. ७ मलईमा रहेको देउती मावि तल्लो मलई मतदान केन्द्रमा १ मत पनि खसेन।

बबई गाउँपालिका वडा नम्बर १ र ७का दुई केन्द्रमा स्थानीयले आफ्नो समस्या समनधान नहुँदासम्म मतदान नगर्ने अडानपछि मतदान प्रकृयामा समस्या भएको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ। मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले स्थानीयले वन्यजन्तुको पटक-पटक आक्रमणमा परेको भन्दै समाधानका लागि माग राखेका थिए।

# बहुमत पार्टीका मोरङ इञ्चार्ज र सचिव पक्राउ

**काठमाडौँ, फागुन २१।** प्रतिनिधिसभा निर्वाचन बहिष्कार गर्ने नेकपा बहुमत पार्टीका मोरङ जिल्ला इञ्चार्ज कृष्णप्रसाद चम्लागाँई र जिल्ला सचिव सुमन पौडेल पक्राउ परेका छन्।

उनीहरूलाई इलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरी टोलीले निर्वाचन बिरोधी गतिविधिमा संलग्न रहेको पाइएपछि मोरङको कानेपोखरी-६ बुद्ध चौकबाट पक्राउ गरेको मोरङ प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीले जानकारी दिए।

चौधरीले जारी गरेको बिज्ञप्तिमा को ६प ५११६ नम्बरको मोटरसाइकल, विभिन्न कम्पनीका ५ थान मोवाइल, बहुमत पार्टीको झण्डालगायतका सामग्री पनि बरामद गरिएको उल्लेख गरेका छन्।


**पार्ट टाइम जब**

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला।

**क्षेत्र :** बसपार्क/बुट्टाबारी

**तलब :** ५०००/- माथि (पाँच हजार रुपैयाँ माथि।)

**समय :** बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**


वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

**Advance Pathology Lab**
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# नेपालको आँखा स्वास्थ्यमा महिलाको पहुँच



**सविता केसी**

अन्तर्राष्ट्रिय महिलादिवस महिला अधिकार, समानता र सशक्तीकरणको उत्सव मात्र नभई समाज रूपान्तरणमा महिलाको योगदानको सम्मान गर्ने विशेष अवसर पनि हो ।

नेपालको आँखा स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूले चिकित्सक, नर्स, नेत्र सहायक, स्वास्थ्य स्वयंसेविका, व्यवस्थापक तथा नेतृत्वदायी भूमिकामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । दुर्गम गाउँदेखि सुविधासम्पन्न सहरसम्म, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, अन्धोपन न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धि गर्न महिलाहरू अग्रपङ्क्तिमा सक्रिय देखिन्छन् ।

तर, सेवाप्रदायकको रूपमा मात्र होइन, सेवाग्राहीको रूपमा पनि महिलाहरू विशेष ध्यानको पात्र छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले महिलाहरू समयमै उपचारबाट वञ्चित हुने जोखिममा रहन्छन् । यस सन्दर्भमा लैङ्गिक समावेशी नीति, महिला-मैत्री सेवा वातावरण र नेतृत्व तहमा महिलाको सशक्त उपस्थिति अत्यन्त आवश्यक छ । अन्तरराष्ट्रिय महिला दिवसको अवसरले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा महिलाको योगदानलाई सम्मान गर्दै समान पहुँच र अवसर सुनिश्चित गर्ने प्रतिबद्धता पुनःस्मरण गराउने सन्देश दिन्छ ।

नेपालमा अन्धोपन न्यूनीकरण र गुणस्तरीय आँखा स्वास्थ्य सेवा विस्तारमा नेपाल नेत्रज्योति संघको भूमिका ऐतिहासिक र अग्रणी रहँदै आएको छ । संघले सञ्चालन गर्दै आएका आँखा अस्पताल, उपचार केन्द्र, समुदाय-आधारित कार्यक्रम तथा जनचेतनामूलक अभियानहरूमा महिलाहरूको सहभागिता उल्लेखनीय छ ।

चिकित्सक, विभिन्न स्वास्थ्यकर्मी, नेत्र सहायकदेखि व्यवस्थापन तहसम्म महिलाहरूले नेतृत्वदायी जिम्मेवारी सम्हाल्दै संस्थालाई दिगो र परिणाममुखी दिशामा अघि बढाइरहेका छन् । यसले संस्थागत विकाससँगै महिला सशक्तीकरणको सन्देश पनि सुदृढ बनाएको छ ।

त्यसैगरी, संघले समुदायमा महिला स्वयंसेविका र स्थानीय आमा समूहहरूसँग सहकार्य गर्दै आँखा परीक्षण शिविर, विद्यालय आँखा स्वास्थ्य कार्यक्रम तथा महिला-केन्द्रित सचेतना अभियान सञ्चालन गर्दै आएको छ । ग्रामीण तथा विपन्न वर्गका महिलालाई समयमै पहिचान र उपचारमा जोड्दै सेवा पहुँच बढाउने प्रयास सङ्घको प्राथमिकतामा रहेको छ । अन्तर्राष्ट्रिय महिलादिवसका सन्दर्भमा, नेपाल नेत्रज्योति संघले आँखा स्वास्थ्य क्षेत्रमा महिलाको नेतृत्व, सहभागिता र समान अवसरलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमलाई अगाडि बढाएको छ ।

नेपालमा विगत केही दशकमा अन्धोपनको दर उल्लेखनीय रूपमा घट्नुमा सरकारी तथा गैरसरकारी क्षेत्रको संयुक्त प्रयास महत्वपूर्ण रहेको छ । सन् १९८१मा ०.८४ प्रतिशत रहेको नेपालको अन्धोपनको समस्या सन् २०२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा झरेको छ । विशेषगरी समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, समयमै मोतियाविन्दु शल्यक्रिया, विद्यालय आँखा परीक्षण तथा जनचेतना अभिवृद्धिका कारण अन्धोपन न्यूनीकरणमा सकारात्मक प्रगति भएको छ । यस अभियानमा महिलाहरूको सक्रिय सहभागिता-चाहे सेवा प्रदायकका रूपमा होस् वा समुदायमा सचेतना फैलाउने अगुवाका रूपमा-निर्णायक रहँदै आएको छ ।

यस अभियानको नेतृत्वदायी संस्थाका रूपमा नेपाल नेत्रज्योति संघले देशभर आफ्ना आँखा अस्पताल र उपचार केन्द्रमार्फत लाखौँ नागरिकलाई सेवा प्रदान गर्दै अन्धोपन घटाउने राष्ट्रिय लक्ष्यलाई साकार बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । नेपाल नेत्रज्योति संघ अन्तर्गत सञ्चालित नेपाल नेत्रज्योति सङ्घ विगत ४८ वर्षदेखि अन्धोपन निवारणमा आँखा स्वास्थ्य सेवाको माध्यमबाट विद्यमान अन्धोपनको समस्यालाई न्यूनीकरण गर्ने अभियानमा क्रियाशील एक मुनाफारहीत, गैरसरकारी विशुद्व सामाजिक संस्था हो ।

वि.सं. २०३५ साल चैत १३ गतेका दिन समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित समाजसेवीहरुको सामूहिक प्रयासबाट स्थापना भएको यस संघले नेपाली जनतामा सुलभ, सस्तो र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुऱ्याउने दायित्व र निर्देशन प्राप्त भएअनुरुप नेपालको सबै क्षेत्रहरुलाई समेटने गरी २८ आँखा अस्पतालहरु, २२६ आँखा उपचार केन्द्रहरु तथा ४३ जिल्ला शाखाहरुका साथै हजारौं समाजसेवीहरु र करिब तीन हजार कर्मचारीमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको महत्वपूर्ण सहकार्य, निर्देशन तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरु, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवम् निष्ठावान कर्मचारीहरुको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँदेखि तराईका समथर भूमि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा पुऱ्याउने कार्यमा नेपाल नेत्रज्योति सङ्घले अग्रणी भूमिका खेल्दै आएको छ र नेपालभर आँखासम्बन्धी स्वास्थ्य सेवा विस्तार हुँदै गए पनि महिला तथा पुरुषबीच सेवा पहुँचमा अझै पनि स्पष्ट असमानता देखिन्छ ।

यस विशाल सञ्जालभित्र हाल करिब ५३ प्रतिशत पुरुष र ४७प्रतिशत महिला कर्मचारी कार्यरत छन यसमा नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अपुग देखिन्छ जुन संख्या बढाउन आवश्यक छ । विशेषगरी दुर्गम तथा सीमान्तकृत समुदायमा महिला तथा बालबालिकालाई प्राथमिकतामा राख्दै सेवा विस्तार गर्नु संघको प्रमुख रणनीति रहेको छ ।

अन्तर्राष्ट्रिय महिलादिवसका सन्दर्भमा, अन्धोपन न्यूनीकरणमा महिलाको योगदानलाई सम्मान गर्दै आगामी दिनमा अझ समावेशी र दिगो आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने प्रतिबद्धता अझ सशक्त बन्दै गएको छ । साथै नेपालमा महिलामा आँखासम्बन्धी समस्या पुरुषको तुलनामा बढी रहेको हुँदा सो हुनुमा निम्न कारणहरु देखिएका छन् भने सो को न्यूनीकरणका लागि निम्न प्रयास गर्नुपर्ने देखिन्छ ।

**नेपालमा महिलामा आँखासम्बन्धी समस्या**

नेपालमा आँखा सम्बन्धी बिरामीहरुको तथ्याङ्क हेर्दा महिलाहरु पुरुषको तुलनामा बढी प्रभावित रहेको पाइन्छ । सन् २०२१ मा सम्पन्न गरिएको (आरएएबी)सर्वेक्षणले पुरुषको तुलनामा महिलामा अन्धोपनको दर उच्च रहेको देखाएको छ । ५० वर्षभन्दा माथिका महिलामा अन्धोपनको दर करिब १.३ प्रतिशत रहेको छ भने पुरुषमा यो दर करिब ०.९ प्रतिशत मात्र रहेको देखिएको छ ।

आँखा स्वास्थ्य सम्बन्धी सेवाको पहुँच बारेको अध्ययनहरुले लै असमानता स्पष्टरुपमा देखिएको छ र विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवेदनहरु, विशेष गरी World Health Organization, International Agency for the Prevention of Blindness को विश्लेषण अनुसार, अन्धोपना तथा दृष्टिदोषको भार महिलामा पुरुषको तुलनामा बढी पाइन्छ ।

तर, विडम्बनापूर्वक आँखा स्वास्थ्यसम्बन्धी सेवाको उपयोग दर भने महिलामा कम देखिन्छ । उपलब्ध तथ्याङ्क अनुसार करिब ८० प्रतिशतमहिलाले मात्र आवश्यक आँखा सेवा लिएको पाइन्छ भने पुरुषमा यो दर करिब ८४ प्रतिशत रहेको देखिन्छ ।

यसले आँखाको स्वास्थ्य सेवामा पहुँच, समयमै उपचार र सामाजिक-आर्थिक कारणले महिलाहरू अझै जोखिममा रहेको सङ्केत गर्दछ । नेपालमा अन्धोपनको प्रमुख कारण अझै पनि मोतियाविन्दु नै रहेको छ, जुन समयमै शल्यक्रिया गरे पूर्ण रूपमा उपचार सम्भव हुने रोग हो । यसका पछाडि विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरु जिम्मेवार रहेका छन् ।

**महिलाले आँखाको सेवा कम पाउनुका प्रमुख कारणहरुः**

- सामाजिक तथा पारिवारिक जिम्मेवारी (महिलाहरु घरायसी काम, बालबालिका हेरचाह तथा परिवार व्यवस्थापनमा बढी व्यस्त हुने भएकाले आफ्नै स्वास्थ्यलाई प्राथमिकता दिन नसक्नु ।
- निर्णय गर्ने अधिकारको कमी (धेरै ठाउँमा महिलाले स्वास्थ्य सेवा लिन परिवारको अनुमति आवश्यक पर्ने अवस्था अझै कायम रहनु ।
- आर्थिक निर्भरता स्वतन्त्र आम्दानी नहुँदा उपचार खर्च व्यवस्थापन गर्न कठिन हुनु ।
- भौगोलिक पहुँचको समस्या (दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाका लागि आवश्यक स्थान पुग्न यातायात र सुरक्षाको चुनौती देखिनु ।
- लैङ्गिक संवेदनशील सेवाको अभाव (कतिपय अवस्थामा महिला स्वास्थ्यकर्मीको अभाव वा सुरक्षित वातावरण नहुँदा महिलाहरु सेवा लिन हिच्किचाउँनु ।
- सचेतनाको अभाव (आँखाको रोग समयमै उपचार नगरे दृष्टि गुम्न सक्ने भन्ने कुराको जानकारी धेरै महिलासम्म पुग्न सकेको छैन ।

**महिलाले आँखाको स्वास्थ्य सुधार गर्न निम्न प्रयास आवश्यक देखिन्छ ।**

- नेतृत्व तहमा महिलाको सहभागिता बृद्धि
- समुदायस्तरमा लक्षित सचेतना कार्यक्रम
- महिला मैत्री स्वास्थ्य सेवा वातावरण
- आर्थिक तथा पहुँच सहजीकरण
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय नेतृत्वको सक्रियता
- समुदायको समग्र विकासमा महिलाको भूमिका

महिलाको आँखाको स्वास्थ्य सुधार गर्नु भनेको केवल व्यक्तिगत स्वास्थ्य सुधार मात्र होइन यसले परिवारको आर्थिक अवस्था, बालबालिकाको शिक्षा र समुदायको समग्र विकाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ जब घरकी महिलाले स्पष्ट देख्न सक्छिन तब परिवारको समृद्धि र उज्ज्वल भविष्य निर्माणमा थप योगदान दिन सक्छिन भन्ने कुरा सर्ब बिदितै छ ।

नेपालमा अन्धोपन न्यूनीकरणतर्फ उल्लेखनीय प्रगति भए पनि लैङ्गिक असमानता पूर्ण रूपमा अन्त्य भएको छैन भन्ने तथ्य स्पष्ट छ । महिलाहरूलाई लक्षित, पहुँचयोग्य र लैङ्गिक संवेदनशील आँखा स्वास्थ्य सेवा विस्तार गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा, आँखाको स्वास्थ्य अधिकार पनि आधारभूत मानव अधिकारकै हिस्सा हो भन्ने सन्देश सशक्त रूपमा स्थापित गर्न आवश्यक छ । महिला सशक्तीकरणसँगै स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्न सके मात्र 'दृष्टियुक्त नेपाल' निर्माणको लक्ष्य सार्थक हुनेछ ।













# इरान-इजरायल युद्ध फैलिँदै

अमेरिका र इजरायलसँग शुरु भएको युद्ध तीव्र बन्दै जाँदा इरानले बिहीबार इराकमा रहेका कुर्दिश समूहहरूमाथि आक्रमण गरेको जनाएको छ । तेहरानले ती समूहहरूलाई 'पृथकतावादी गतिविधि' नगर्न कडा चेतावनीसमेत दिएको छ । युद्ध विस्तार हुँदै जाँदा क्षेत्रीय सुरक्षा, ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा गम्भीर प्रभाव देखिन थालेको छ ।

इरानका सर्वोच्च नेतामाथि अमेरिका-इजरायलले गरेको आक्रमणपछि गत शनिबार शुरु भएको द्वन्द्व अहिले मध्यपूर्वका धेरै क्षेत्रमा फैलिएको छ । यसले विश्व बजारमा दबाब बढाएको, ऊर्जा आपूर्तिमा अवरोध सिर्जना गरेको र अन्तर्राष्ट्रिय यात्रामा समेत अव्यवस्था ल्याएको देखिएको छ ।

तेहरानले बिहीबार इराकमा आधारित कुर्दिश समूहहरूलाई लक्षित कारबाही गरेको जनाएको छ । इरानका अधिकारीहरूले ती समूहहरूले 'क्रान्तिविरुद्ध गतिविधि' गरिरहेको आरोप लगाएका छन् । केही रिपोर्टहरूमा अमेरिकाले कुर्दिश लडाकूहरूलाई इरानमा घुसपैठ गर्न हतियार उपलब्ध गराउन खोजेको दाबी गरिएको छ ।

निर्वासित इरानी कुर्दिश समूहका एक सदस्यको हत्या भएको आक्रमण पनि यिनै घटनाक्रमसँग सम्बन्धित भएको समूहका प्रतिनिधिले बताएका छन् । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानीले पृथकतावादी गतिविधि सहन नसकिने चेतावनी दिए । उले 'पृथकतावादी समूहहरूले अहिलेको अवस्थालाई अवसर ठानेर कुनै कदम चाल्ने भूल नगर्न' आग्रह गरे र सरकारले त्यस्तो गतिविधि कुनै हालतमा स्वीकार नगर्ने स्पष्ट पारे ।

बढ्दो द्वन्द्वले क्षेत्रीय शक्तिहरूलाई क्रमशः युद्धतर्फ तानिरहेको देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष ( आइएमएफ) की प्रमुख क्रिस्टालिना जर्जिवाले यो सङ्कटले विश्व अर्थतन्त्रको लचिलोपनलाई 'फेरि एकपटक परीक्षण' गर्ने चेतावनी दिए ।

इरानको एलिट रिभोलुसनरी गार्ड्सले होर्मुज जलडमरूमध्य बन्द गरिएको दाबी गरेको छ । विश्वको कच्चा तेलको झण्डै पाँचौं भाग यही मार्गबाट पार हुने भएकाले यसको प्रभाव विश्व ऊर्जा बजारमा ठूलो हुनसक्ने विश्लेषण गरिएको छ । बजार विश्लेषक संस्था केप्लरका अनुसार तेल ट्याङ्करहरूको आवागमन करिब ९० प्रतिशतले घटेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र अन्य अमेरिकी अधिकारीहरूले युद्ध शुरु गर्ने निर्णय र यसको उद्देश्यबारे फरक-फरक व्याख्या दिएका छन् । कङ्ग्रेसको स्पष्ट स्वीकृतिबिना शुरु गरिएको सैन्य अभियान रोक्न अमेरिकी सिनेटमा प्रस्ताव पेश गरिएको थियो, तर बुधबार उक्त प्रस्ताव अस्वीकार भएको छ ।

यसबीच तेहरानमा पनि तनाव कायम छ । इरानी समाचार एजेन्सी तस्निमका अनुसार बिहीबार बिहान राजधानी तेहरानमा धेरै विस्फोटको आवाज सुनिएको छ र सुरक्षालाई सक्रिय बनाइएको छ । विस्फोटका प्रभावबारे तत्काल विस्तृत विवरण सार्वजनिक भएको छैन ।

इजरायलले भने तेहरानभरि 'इरानी आतङ्कवादी शासनको पूर्वाधारविरुद्ध ठूलो आक्रमण अभियान' शुरु गरिएको दाबी गरेको छ । त्यसअघि इरानले इजरायलतर्फ क्षेप्यास्त्र प्रहार गरेको थियो । जेरुसेलममा रहेका एएफपीका पत्रकारहरूले पनि विस्फोटको आवाज सुनेका थिए, तर तत्काल हताहतको पुष्टि भएको छैन । पछि इजरायली सेनाले नागरिकहरूलाई सुरक्षित स्थानबाट बाहिर निस्कन अनुमति दिएको जनाएको छ ।

लेबनानमा पनि द्वन्द्व चर्किएको छ । राज्य सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार बिहीबार बिहान दक्षिण बेरुतस्थित हिजबुल्लाहको गढमा दुई आक्रमण भएका छन्, जहाँबाट धुवाँ उठिरहेको दृश्य एएफपीटिभीले देखाएको छ ।

त्रिपोली नजिकको बेद्दावी नामक प्यालेस्टिनी शरणार्थी शिविरमा रहेको एउटा अपार्टमेन्टमा भएको आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको र एक जना घाइते भएको स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै एनएनएले जनाएको छ । दक्षिण लेबनानमा सडकमा गुडिरहेको गाडीमा ड्रोन आक्रमण हुँदा तीन जनाको मृत्यु भएको पनि रिपोर्ट गरिएको छ, यद्यपि आक्रमण कसले गरेको हो भन्ने स्पष्ट भएको छैन ।

इजरायलले पछिल्ला यी आक्रमणहरूको तुरुन्त जिम्मेवारी लिएको छैन । तर हालैका दिनमा इजरायली कारबाहीमा कम्तीमा ७५ जनाको मृत्यु भएको र दशौं हजार मानिस विस्थापित भएको बताइएको छ । इरान समर्थित हिजबुल्लाहले इजरायलतर्फ रकेट प्रहार गर्न थालेपछि लेबनान पनि द्वन्द्वमा तानिएको हो । अहिले इजरायली सेना सीमावर्ती सहरतर्फ अघि बढेका कारण व्यापक रूपमा बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

इरानले आफ्नो जवाफी आक्रमणमा खाडी क्षेत्रका अमेरिकी हित र ऊर्जा पूर्वाधारलाई लक्षित गरेको जनाएको छ । कतारले राजधानी दोहास्थित अमेरिकी दूतावास नजिक बस्ने बासिन्दाहरूलाई बिहीबार सुरक्षित स्थानतर्फ सार्न थालेको छ । कतारले यसअघि हमाद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमण प्रयास विफल पारिएको जनाएको थियो ।

कतार सरकारले नागरिकलाई घरभित्र बस्न र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन चेतावनी दिएको छ । युद्ध शुरु भएयता खाडी क्षेत्रका विभिन्न देशमा कम्तीमा १३ जनाको मृत्यु भएको छ, जसमा सात जना सर्वसाधारण रहेका छन् । मृतकमध्ये कुवेतकी ११ वर्षीया बालिका पनि रहेको बताइएको छ ।

संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरेबिया र कतारले बुधबार इरानी क्षेप्यास्त्रहरू रोकेको बताएका छन् । तीमध्ये केही ड्रोनले साउदी अरेबियाको विशाल रास तनुरा तेल प्रशोधन केन्द्रलाई लक्षित गरेको बताइएको छ ।

टर्की पनि यस सङ्कटमा तानिएको देखिएको छ । इरानबाट प्रक्षेपण गरिएको एक क्षेप्यास्त्र टर्कीको हवाई क्षेत्रतर्फ अघि बढ्दा नाटोको हवाई रक्षा प्रणालीले त्यसलाई नष्ट गरेको टर्कीले जनाएको छ । एक टर्की अधिकारीका अनुसार उक्त क्षेप्यास्त्र साइप्रसस्थित बेलायती सैन्य आधारतर्फ लक्षित गरिएको देखिएको थियो । टर्कीले यस घटनाबारे स्पष्टीकरण माग्न इरानी राजदूतलाई बोलाएको छ ।

टर्कीका विदेशमन्त्रीले आफ्नो इरानी समकक्षीसँग कुरा गर्दै द्वन्द्वलाई अझ फैलाउने कुनै पनि कदमबाट टाढा रहन आग्रह गरेका छन् ।

यसबीच युद्ध समुद्री क्षेत्रमा पनि फैलिएको सङ्केत देखिएको छ । संयुक्त राज्य अमेरिकाले श्रीलङ्काको तट नजिक इरानी युद्धपोतलाई टारपीडो प्रहार गरेर डुबाएको बताइएको छ । श्रीलङ्काली अधिकारीहरूका अनुसार उक्त घटनापछि समुद्रबाट ८७ वटा शव बरामद गरिएको छ, जसमा ६० भन्दा बढी आइआरआइएस देना फ्रिगेटमा रहेको अनुमान गरिएको छ । श्रीलङ्काली सेनाले ३२ जना नाविकलाई जीवित उद्धार गरेको जनाएको छ ।

इरानको सरकारी इरना समाचार एजेन्सीले युद्ध सुरु भएदेखि एक हजार ४५ जना सैनिक र सर्वसाधारण मारिएको दाबी गरेको छ, तर एएफपीले यसलाई स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन । इरानका अनुसार दक्षिणी सहर मिनामा शनिबार विद्यालयमा भएको आक्रमणमा धेरै बालबालिकासहित १५० भन्दा बढी मानिसको मृत्यु भएको थियो । एएफपीका पत्रकारहरू सुरक्षा कारणले उक्त स्थानमा स्वतन्त्र रूपमा पुग्न सकेका छैनन् । अमेरिकी अधिकारीहरूले भने उक्त घटनाबारे अनुसन्धान भइरहेको बताएका छन् ।

अमेरिकी अधिकारीहरूले पनि युद्धमा आफ्ना छ जना सैनिक मारिएको बताएका छन् । युद्धको प्रभाव विश्व अर्थतन्त्रमा पनि देखिन थालेको छ । वासिङ्टनमा अमेरिकी सिनेटले बुधबार अमेरिकी सैन्य कारबाही सीमित गर्ने प्रस्ताव अस्वीकार गरेको छ । रिपब्लिकनहरूले राष्ट्रपति ट्रम्पलाई समर्थन गरेपछि प्रस्ताव असफल भएको हो । उक्त प्रस्ताव पारित भए पनि ट्रम्पले भिटो गर्न सक्ने अवस्था थियो ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - आज तपाईले चिताएको, आँटको पूरा हुने दिन रहेको छ । साथीभाइले पनि सहयोग गर्नेछन्, बेलुकीपख मिष्ठान्न भोजन प्राप्त हुने योग रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - मन प्रशन्न रहने छ । धन, स्वास्थ्य लाभ हुनुका साथै सुख-शान्ति प्राप्त होला, केही उपहार आदि प्राप्त हुनेछ, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला अझ बढेर जानेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, साथै खर्च बढेर जानाले मन चिन्तित रहनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - तपाईलाई आज अनावश्यक झमेलामा फसिने योग रहेको छ, अलिक सजग रहनुका साथै यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** - कार्यसिद्धिहुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - आज तपाईले आफ्नो क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध पनि कसिलो बनेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

मिति २०८२/११/ २२ शुक्रवारको
सुनचाँदी मूल्य



छापावाला
सुन प्रति तोला
रु. ३,२६,१००/-



चाँदी
प्रति तोला
रु. ६,०२०/-

